# कोरोना भाईरस (COVID-19) को प्रतिकार्य, नियन्त्रण तथा रोकथामका लागि संस्थागत कार्यजिम्मेवारी

**पृष्ठभुमी :**

नोवल कोरोना भाईरस (COVID-19) विश्वव्यापी महामारीको रूपमा फैलिदै गईरहको तथ्य सर्वविदितै छ। चीनको वुहानमा देखा परेको यो भाईरस हाल विश्वका अधिकाशं देशमा फैलिइको छ। नेपालमा हाल यसको अत्याधिक प्रभाव नदेखिए पनि कुनै पनि समयमा यसको संक्रमण व्यापक हुन सक्ने अवस्थालाई नजर अन्दाज गर्न सकिदैन। संघीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा कर्णाली प्रदेश विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले किट वा शुक्ष्म जिवाणु आतङ्क र महामारी समेतलाई "गैरप्राकृतिक विपद्" भनी परिभापित गरेको परिप्रेक्षमा कर्णाली प्रदेश सरकारले यसलाई गैरप्राकृतिक विपद्को रुपमा लिई सोको प्रतिकार्य, नियन्त्रण तथा उपचार समेतको लागि आवश्यक प्रवन्ध गर्नुपर्ने भएको छ।

तसर्थ, नोवल कोरोना भाइरसको प्रतिकार्य, नियन्त्रण तथा उपचार समेतका लागि कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) वाट विभिन्न निर्णयहरु भएका छन्। प्रभावकारी पूर्व तयारी तथा प्रतिकार्य, नियन्त्रण र रोकथामका लागि प्रदेश, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकाय लगायतको तहगत तथा संस्थागत कार्यजिम्मेवारी तोक्न आवश्यक देखिएको हुँदा देहायवमोजिम तोकिएको छ।

देहाय-

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | नेपाल सरकार, प्रदेश सरकार तथा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा वसेको वैठकले गरेका निर्णयहरु कार्यान्वयनको व्यवस्था मिलाउने । कार्यान्वयन भए नभएको वारेमा नियमित अनुगमन गर्ने । | सवै, मन्त्रालय<br>जिल्ला प्रशासन कार्यालयहरु |
| २ | स्वास्थ्य उपकरण तथा औषधीहरु नियमित आपूर्ति भए नभएको अवस्था विश्लेपण गरी आपूर्ति व्यवस्थापनमा सहजीकरण गर्ने | प्रमुख जिल्ला अधिकारी तथा जिल्ला स्वास्थ्य कार्यालयहरु |
| ३ | कोरोना भाइरसका कारण भएको वन्दवाट जनजिवनमा पर्ने नकारात्मक प्रभाव विश्लेपण गर्ने । वजारमा अत्यावश्यक सामग्रीहरुको कृत्रिम अभाव हुन नदिन नियमित अनुगमनलाई व्यवस्थित वनाउने । | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र अन्तर्गत निकायहरु र जिल्ला प्रशासन कार्यालय |
| ४ | नेपाल सरकार र स्थानीय तहहरुसँग निर्णय कार्यान्वयन सम्वन्धमा नियमित समन्वयको व्यवस्था मिलाउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ५ | अत्यावश्यक सेवाप्रवाह गर्ने वाहेकका कार्यालयका आवश्यक कर्मचारीहरुलाई मात्र कार्यालयमा हाजिर हुन निर्देशन दिने । | सवै मन्त्रालय र मातहत कार्यालयहरु |

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

ख. सामाजिक विकास मन्त्रालय

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | प्रदेशस्तरीय Rapid Response team गठन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | अस्पतालमा Isolation Hospital स्थापना गर्ने र संचालन तथा व्यवस्थापनको व्यवस्था मिलाउने । | Isolation अस्पताल स्थापना, संचालन र व्यवस्थापन समिति |
| ३ | क्वारेण्टाइन कक्षहरु स्थापनाका लागि अन्य निकायहरुसँग समन्वय गरी स्थापना गर्ने | स्थानीय तह र जिल्ला प्रशासन कार्यालय |
| ४ | प्रदेशमा आवश्यक औषधीहरुको नियमित आपूर्तिको व्यवस्था मिलाउने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५ | कोरोना रोगको परिक्षण तथा उपचारका लागि आवश्यक स्वास्थ उपकरणहरु अन्य निकायसँगको समन्वयमा प्राप्ति गर्ने र आवश्यक भए खरिद प्रकृया अविलम्व शुरु गर्ने । | विभिन्न संघसंस्था |
| ६ | Isolation Hospital मा आवश्यक प्राविधिक जनशक्ति एवम् स्वास्थ्यकर्मीहरुको व्यवस्थापन गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | संभावित कोरोना भाइरस संक्रमितहरुको नियमित जाँच हुने व्यवस्था मिलाउने । | निजी तथा सामुदायिक अस्पताल, मेडिकल कलेज |
| ८ | प्रदेशमा छुट्टै प्रयोगशाला स्थापनाका लागि संघीय सरकारसंग अनुरोध गर्ने। तत्कालको लागि प्रदेश नं.५ संग समन्वय गरी गर्ने। | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ८ | कोरोना रोग नियन्त्रण तथा रोकथामका लागि खटिने स्वास्थ्य तथा अन्य प्राविधिक जनशक्तिलाई प्रोत्साहनको व्यवस्था गर्ने। आवश्यकताबमोजिम Positive Counseling गर्ने। | मुख्यमन्त्री तथा म. प. कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, अन्तर्गतका तालिम केन्द्रहरु |
| १० | निजी तथा सामुदायिक अस्पताल र मेडिकल कलेजहरुलाइ रोग नियन्त्रण र प्रतिकार्यमा सक्रिय वनाउने । सहयोग नगर्ने संघसंस्थाहरुको विवरण तयार गरी आवश्यक कानूनी कारवाहीको प्रक्रिया अगाडि वढाउने। | जिल्ला प्रशासन कार्यालय |
| ११ | आम जनतामा सरसफाइ, मास्क तथा स्यानेटाइजरको प्रयोग विधिका विषयमा जनचेतनामूलक सन्देश प्रवाह गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह |
| १२ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पढदै गरेका विद्यार्थीलाई सचेतना तथा प्राविधिक जनशक्ति आवश्यक भएको स्थानमा परिचालन गर्ने । | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान |

कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल।

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

घ. जिल्ला प्रशासन कार्यालय

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | Isolation अस्पताल स्थापना, संचालन र व्यवस्थापनमा सहजीकरण गर्ने, | सामाजिक विकास मन्त्रालय |
| २ | जिल्लामा देखिएका शंकास्पद संक्रमितहरुलाई Counseling गरी Quarantine मा रहने व्यवस्था गर्ने ।शंकास्पद विरामीको अभिलेख राख्ने व्यवस्था मिलाइ सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । | जिल्लास्थित अस्पतालहरु र स्थानीय तह |
| ३ | नेपाल सरकार तथा प्रदेश सरकारवाट भएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने | सुरक्षा निकाय र सवै सरोकारवाला निकाय |
| ४ | प्रभावकारी वजार अनुगमन र नियमित आपूर्तिको व्यवस्था मिलाउने । | जिल्ला घरेलु कार्यालय, सुरक्षा निकाय |
| ५ | जिल्लास्तरमा उपचारको व्यवस्था मिलाउने । आवश्यक भए Isolation अस्पतालमा Refer गर्ने व्यवस्था गर्ने । | स्थानीय तह, सवै अस्पताल, मेडिकल कलेज |
| ६ | जनवादी गणतन्त्र चीनको सिमासँग जोडिएका जिल्लाहरुको नियमित सिमा गस्ती, आवतजावतलाई व्यवस्थित गरी अभिलेख राख्ने र सेनेटाइजेशनको व्यवस्था मिलाउने, | सुरक्षा निकाय |
| ७ | वदलिदो परिस्थितीमा हुने अपराध नियन्त्रण र सुरक्षा व्यवस्थापनमा Special Task Force वनाई परिचालन गर्ने, | सुरक्षा निकाय |
| ८ | माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा वसेको उच्च स्तरीय वैठकवाट भएका निर्णयहरु कार्यान्वयन भए नभएको अवस्थाको नियमित अनुगमन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी पठाउने, | |
| ९ | जिल्लामा निषेधाज्ञा गर्नुपर्ने अवस्था सृजना हुनसक्ने हुँदा भौगोलिक अवस्थाको विश्लेषणात्मक विवरण वनाई राख्ने र निषेधाज्ञा गर्न आवश्यक भए प्रदेश सरकारसँग समेत समन्वय गर्ने, | सुरक्षा निकाय |
| १० | प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित Rapid Response Team का सवै सदस्यलाई समिति गठनका वारेमा जानकारी गराइ समितिलाई सक्रिय वनाउने । | |
| ११ | नेपाल सरकारवाट घोषणा हुने Lockdown र निषेधाज्ञाको कार्यान्वयन गर्ने गराउने । | सुरक्षा निकाय |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

ङ. स्थानीय तहहरू:

| क सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | Quarantine कक्षहरु र स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, | सामाजिक विकास मन्त्रालय |
| २ | वडाबाट Refer भएका कोरोना लक्षणयुक्त बिरामीलाई Isolation उपचार कक्षमा उपचारको व्यवस्था मिलाउने | Isolation अस्पताल, जिल्ला प्रशासन कार्यालय |
| ३ | अत्यावश्यक औषधी लगायत, प्रतिकार्य सामाग्रीको व्यवस्था गर्ने, | सामाजिक विकास मन्त्रालय |
| ४ | वजार अनुगमन र कालो वजारी नियन्त्रण गर्ने, | जिल्ला प्रशासन कार्यालय |
| ५ | खाद्यान्न लगायत अत्यावश्यक वस्तु तथा सेवाको नियमित आपूर्तिको व्यवस्था गर्ने, | जिल्ला प्रशासन कार्यालय |
| ६ | कोरोना भाइरस सम्वन्धित सूचना प्रवाहका लागि Focal Person तोक्ने, | |
| ७ | पालिकास्तरमा भएका एम्बुलेन्सहरुको विवरण तयार गरी चालक सहित तयारी अवस्थामा राख्ने, | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| ८ | अत्यावश्यक अवस्थामा यातायातका सवारी साधन चलाउनु पर्ने भएमा सेनेटाइजेशनको व्यवस्था मिलाउने, | सुरक्षा निकाय |
| ९ | आवश्यकता अनुसार स्थानीयतह वा कुनै वडामा निषेधाज्ञा जारी गर्नु परेमा सोको कार्ययोजना सहित निर्णयका लागि प्रमुख जिल्ला अधिकारी मार्फत प्रदेश सरकारमा सिफारिस गर्ने, | प्रमुख जिल्ला अधिकारी |
| १० | सिमा क्षेत्रका स्थानीयतहहरुले सिमाबाट आवतजावतलाई कडाईको साथ निगरानी गर्ने । | सुरक्षा निकाय |
| ११ | नेपाल सरकार र प्रदेश सरकारले गरेका निर्णयहरु तत्काल कार्यान्वियनको व्यवस्था मिलाउने, | |

च. वडा कार्यालयहरू:

| क सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | वडा सदस्यको नेतृत्वमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अन्य कर्मचारी र शिक्षकको सहभागिता रहेको सचेतना प्रवाह गर्ने समिति गठन गर्ने। | वडा कार्यालय |
| २ | Self-Quarantine को अनुगमन तथा सहजीकरण गर्ने | नगरपालिका/गाउँपालिका |
| ३ | स्थानीय निजी तथा गैरसरकारी क्षेत्रका संस्थाको परिचालन गर्ने, | नगरपालिका/गाउँपालिका |
| ४ | भिड नियन्त्रण, प्रचार प्रसार, सचेतनाको काम गर्ने, | नगरपालिका/गाउँपालिका सुरक्षा निकाय |
| ५ | गाउँ घर वरपर सरसफाई गर्ने व्यवस्था मिलाउने | नगरपालिका/गाउँपालिका |

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

ग. आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र. सं | क्रियाकलाप | सहयोगी निकाय पदाधिकारी |
|---|---|---|
| १ | रेडियो टिभि तथा पत्रपत्रिकाको माध्यमबाट कोरोना रोगबाट बच्नका लागि अपनाउनु पर्ने सावधानीका विषयमा सचेतना सावधानी र स्वच्छताको सन्देश प्रवाह गर्ने । | सामाजिक विकास मन्त्रालय, नेपाल पत्रकार महासंघ |
| २ | प्रदेशमा रहेका एम्वुलेन्सहरुको जिल्लागत सूची तयार गर्ने । हरेक जिल्लामा एक एम्वुलेन्स तयारी अवस्थामा रहने व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीहरुसँग समन्वय गर्ने। | प्रमुख जिल्ला अधिकारी |
| ३ | भारतीय सीमाबाट नेपाल भित्रिने नेपाली तथा अन्य देशका नागरिकहरुको नियमित चेकजाँचको व्यवस्था मिलाउने। | सामाजिक विकास मन्त्रालय स्थानीय तहहरू |
| ४ | भारतवाट नेपाल भित्रिने सवारी साधन तथा मालवाहक यातायातका साधनको नियमित sanitization हुने व्यवस्था गर्ने । | सुरक्षा निकाय |
| ५ | देहायका विषयमा सार्वजनिक संचारमाध्यमवाट सूचनामूलक सन्देश प्रवाह गर्ने<br>- वृद्धवृद्धा तथा विरामी मानिसहरुलाइ अधिक भेटघाट नहुन, अत्यावश्यक वाहेक घरवाट वाहिर ननिस्कन र सावधानी अपनाउन अनुरोध गरी सन्देशमूलक सूचनाहरु सार्वजनिक संचारका माध्यमवाट प्रवाह हुने व्यवस्था मिलाउने ।<br>- नोवल कोरोना भाइरसको संक्रमण र यसबाट पर्ने मनोवैज्ञानिक डर र त्रासको नकारात्मक प्रभाव वारे सचेतनामूलक सन्देश । | सामाजिक विकास मन्त्रालय |
| ६ | संभावित संक्रमितलाई आइसोलेसनमा रेफर गरी पठाएको र सम्वन्धित अस्पतालले विरामी बुझेको अभिलेख अद्यावधिक गरी राख्ने । | जिल्ला प्रशासन कार्यालय |
| ७ | कोरोना भाइरसको सूचना संप्रेषण तथा सुरक्षाका लागि छुट्टै सूचना प्रणाली बनाउने । | सामाजिक विकास मन्त्रालय |
| ८ | प्रदेशस्थित सवै जिल्ला प्रशासन कार्यालयहरुवाट कोरोना भाइरससँग सम्वन्धित सूचना तथा विवरणहरु नियमित प्राप्त गरी अवस्था विश्लेषण गर्ने | जिल्ला प्रशासन कार्यालय |
| ९ | प्रदेश विपद व्यवस्थापन निर्देशक समितिको वैठक आयोजना तथा कोष परिचालन गर्ने व्यवस्था मिलाउने | समिति |
| १० | प्रदेशस्तरमा आपतकालिन अवस्थाका लागि आवश्यक एम्वुलेन्स तयारी अवस्थामा राख्ने । | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

छ. सुरक्षा निकाय

| क्र सं | क्रियाकलाप | सहयोगी निकाय |
|---|---|---|
| १ | नेपाल सरकारको निर्णयबमोजिम सीमा नाका वन्द गर्ने | जिल्ला प्रशासन कार्यालय |
| २ | सार्वजनिक यातायातका साधनमा अनिवार्य sanitization भए नभएको एकिन गरी मात्र यात्रु चढने व्यवस्था मिलाउने | |
| ३ | कोराना भाइरसको कारण हुने Lockdown को समयमा हुनसक्ने लुटपाट, चोरीडकैती लगायत शान्ती सुरक्षाका विषयमा विशेष ध्यान दिने | जिल्ला प्रशासन कार्यालय |
| ४ | जुनसुकै समयमा पर्न सक्ने आपतकालिन उद्धारका लागि तयारी अवस्थामा रहने । आफुसँग रहेका एम्वुलेन्स तथा सवारी साधनहरु तयारी अवस्थामा राख्ने । | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह |
| ५ | सार्वजनिकस्थल वाटो तथा अन्य स्थानहरुमा नेपाल सरकारवाट तोकिएको संख्याभन्दा वढी भिडभाड हुन नदिने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह |
| ६ | शंकास्पद देखिएका विरामीहरु भाग्न नदिने, आवश्यकता अनुसार संझाइवुझाइ Quarantine मा वस्नका लागि सहजीकरण गर्ने | सामाजिक विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालय |
| ७ | Lockdown घोषणा भएमा त्यसको कार्यान्वियन गर्ने, गराउने | सुरक्षा निकाय |

२. Isolation अस्पतालको स्थापना, परिचालन र समन्वय समेतका लागि देहायवमोजिमको परिचालन तथा समन्वय समिति गठन गरी कार्यजिम्मेवारी तोक्ने।

क. प्रदेश अस्पताल, वीरेन्द्रनगर, सुर्खेत

| | |
|---|---|
| मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| प्रमुख, जिल्ला समन्वय समिति सुर्खेत | सदस्य |
| नगर प्रमुख, वीरेन्द्रनगर नगरपालिका | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय सुर्खेत | सदस्य |
| अध्यक्ष, अस्पताल विकास समिति, | सदस्य |
| महाशाखा प्रमुख, (स्वास्थ्य) सामाजिक विकास मन्त्रालय | सदस्य |
| अस्पताल व्यवस्थापक, प्रदेश अस्पताल वीरेन्द्रनगर, सुर्खेत | सदस्य सचिव |

ख. चौरजहारी अस्पताल, चौरजहारी, रूकुमपश्चिम

| | |
|---|---|
| मन्त्री भूमिव्यवस्था, कृपि तथा सहकारी | संयोजक |
| प्रमुख, जिल्ला समन्वय समिति रुकुम पश्चिम | सदस्य |
| नगर प्रमुख, चौरजहारी नगरपालिका, रूकुमपश्चिम | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, रूकुमपश्चिम | सदस्य |
| अध्यक्ष, अस्पताल विकास समिति | सदस्य |
| प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय रुकुमपश्चिम | सदस्य |
| मेडिकल निर्देशक, चौरजहारी अस्पताल, चौरजहारी | सदस्य सचिव |

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

ग. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

| | |
|---|---|
| मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | संयोजक |
| प्रमुख, जिल्ला समन्वय समिति जुम्ला | सदस्य |
| नगर प्रमुख, चन्दननाथ नगरपालिका, जुम्ला | सदस्य |
| प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, जुम्ला | सदस्य |
| रजिष्टार, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | सदस्य |
| प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, जुम्ला | सदस्य |
| मेडिकल निर्देशक, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | दस्य सचिव |

३. समितिको कार्यक्षेत्रगत विवरण ( Terms of Reference) देहायबमोजिम तोक्ने ।

१. तोकिएको जिम्मेवारी भित्रको क्षेत्रमा यथासक्य Isolation अस्पताल स्थापना गर्ने। सो को लागि आवश्यक सामग्री सूची तयार गरी अनुमोदन गर्ने, खरिदका लागि सहजीकरण गर्ने।

२ कार्ययोजना तयार गरी सोही बमोजिम संचालन गर्ने, आवश्यक सामाग्री व्यवस्थापन गर्ने गराउने।

३ आवश्यक जनशक्तिको सूची अनुमोदन गरी जनशक्ति व्यवस्थापन गर्ने। यसको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयमा गराउने ।

४. अत्यावश्यक कर्मचारीहरु स्थायीबाट पूर्ति हुन नसकेको अवस्थामा मात्र नियमानुसार परामर्श सेवामा कर्मचारी व्यवस्था गर्ने ।

५. कार्यसचालनका लागि कुनै बाधा अडचन देखिएमा वाधा अडकाउ फुकाउने। भईरहेका कार्यहरुको प्रभावकारी कार्यसम्पादन भए नभएको अनुगमन गरी आवश्यक व्यवस्था गर्ने ।

६ सचालनका क्रममा आवश्यक निजी तथा सामुदायिक अस्पताल र मेडिकल कलेजहरुसँग आवश्यक सहयोग प्राप्त गर्ने।

४. स्थापना, संचालन र व्यवस्थापन समितिका सदस्य सचिवको कार्यविवरण ( Terms of Reference) देहायबमोजिम तोक्ने ।

१. Isolation अस्पतालको स्थापनाका लागि आवश्यक वजेट अनुमान गर्ने ।

२. आवश्यक सामग्री सूची तयार गरी त्यस्ता सामग्रीहरु सामाजिक विकास मन्त्रालय र अन्य सम्वन्धित निकायसँग माग गरी व्यवस्था गर्ने ।

३. समितिको निर्देशन वमोजिम अस्पतालका लागि नियमानुसार आवश्यक सामग्री खरिद गर्ने ।

४. विनियोजित वजेटको नियमानुसार खर्च, लेखापालन लेखापरीक्षण गर्ने।

५. समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

सचिव

प्रमुख सचिव

Scanned with CamScanner

५. Isolation अस्पताल स्थापना, संचालन तथा परिचालन र समन्वयका लागि समितिको सदस्य सचिव कार्यरत रहेको कार्यालयमा नियमानुसार खर्च गर्ने गरी सामाजिक विकास मन्त्रालयले हरेक अस्पतालका लागि आवश्यकताको आधारमा बजेट उपलब्ध गराउने।

६. प्रोत्साहन भत्ता सम्वन्धमा:

क. कोरोना भाइरस (COVID-19) सँग सम्वन्धित कार्यका लागि खटिने जनशक्तिको अभिलेख सम्वन्धित निकायले राखी सोको एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा समेत पठाउने ।

ख. कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित कार्यका लागि खटिने डाक्टर, स्वास्थ्यकर्मी र कर्मचारीलाई खटिएको स्पष्ट अभिलेखको आधारमा केन्द्रीय मापदण्ड अनुरुप दोहोरो नपर्ने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

ग. कोरोना भाइरस (COVID-19) सँग सम्बन्धित कार्यका लागि खटिने सुरक्षाकर्मीको हकमा खटिएको स्पष्ट अभिलेख राखे र त्यसरी खटिएवापत संघीय सरकारबाट कुनै सुविधा उपलब्ध गराइएको अवस्थामा सोहीवमोजिम हुने र संघीय सरकारले उपलब्ध नगराउने अवस्थामा प्रदेश सरकारले शुरु तलव स्केलको पचास प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

सचिव

प्रमुख सचिव

Scanned with CamScanner